बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# खोरेत रोगमुक्त क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२

स्वीकृत मितिः २०८२।०६।२८

<u>प्रस्तावना</u>ः बागमती प्रदेशमा दुध तथा मासुजन्य पदार्थको उत्पादनमा अभिवृद्धि गर्दै निर्यात प्रवर्द्धन गर्ने र दुध तथा मासु उत्पादनको क्षेत्रमा दिगो आत्मनिर्भरता हासिल गर्ने उद्देश्यसहित, पशुहरुको महामारीजन्य रोग खोरेत नियन्त्रण गरी खोरेत रोगमुक्त क्षेत्र स्थापना कार्यक्रम व्यवस्थित, प्रभावकारी तथा प्रतिफलमुखी ढङ्गले कार्यान्वयन गर्न प्रदेश विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद-१
## <u>प्रारम्भिक</u>

१. <u>सङ्क्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"खोरेत रोगमुक्त क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"कार्यक्रम"** भन्नाले बागमती प्रदेशको निर्धारित जोन क्षेत्रमा खोरेत रोग नियन्त्रण तथा रोकथामका लागि स्वीकृत कार्यक्रम/क्रियाकलाप सम्झनुपर्छ।

(ख) **"कार्यालय"** भन्नाले निर्देशनालय मातहतको पशु सेवा कार्यालय सम्झनुपर्छ।

(ग) **"खोप"** भन्नाले खोरेत रोग विरुद्धको खोप सम्झनुपर्छ।

(घ) **"जोन"** भन्नाले जोनिङ्गको प्रक्रिया अपनाई मन्त्रालयले तोकेको अनुसूची-१ बमोजिमको चार किल्ला भित्रको क्षेत्र सम्झनुपर्छ।

(ङ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनुपर्छ।

(च) **"पशु"** भन्नाले घरपालुवा खुरफट्टा जनावरहरु सम्झनुपर्छ।

(छ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(ज) **"प्रदेश मन्त्रालय"** भन्नाले बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्छ।

(झ) **"प्रयोगशाला"** भन्नाले नेपाल सरकार अन्तर्गतको केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर, काठमाडौं सम्झनुपर्छ।

(ञ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनुपर्छ।

मा. मधुसूधन पौडेल
मन्त्री

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

(ट) **"राष्ट्रिय रिफरेन्स प्रयोगशाला"** भन्नाले नेपाल सरकार अन्तर्गतको खोरेत तथा सीमाविहिन पशु रोग अन्वेषण प्रयोगशाला, बुढानिलकण्ठ, काठमाडौं सम्झनुपर्छ।

(ठ) **"रोग"** भन्नाले खोरेत रोग सम्झनुपर्छ।

(ड) **"विभाग"** भन्नाले नेपाल सरकार अन्तर्गतको पशु सेवा विभाग सम्झनुपर्छ।

(ढ) **"सम्बन्धित शाखा"** भन्नाले स्थानीय तहको पशुपन्छी क्षेत्र हेर्ने शाखा सम्झनुपर्छ।

(ण) **"स्थानीय तह"** भन्नाले कार्यक्रम सञ्चालन हुने गाउँपालिका/नगरपालिका सम्झनुपर्छ।

(त) **"प्राविधिक"** भन्नाले ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता/पशु स्वास्थ्य प्राविधिक/पशु चिकित्सकलाई सम्झनुपर्छ।

(थ) **"प्राविधिक मापदण्ड"** भन्नाले "खोरेत रोग सर्भिलेन्स प्राविधिक निर्देशिका, २०८१" सम्झनुपर्छ।

## परिच्छेद-२

## संस्थागत व्यवस्था

३. प्रादेशिक निर्देशक समितिः (१) कार्यक्रम कार्यान्वयनका लागि नीतिगत विषयमा आवश्यक निर्देशन एवम् समन्वय गर्न प्रदेशस्तरमा देहाय बमोजिमको एक प्रादेशिक निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| मन्त्री, प्रदेश मन्त्रालय | - अध्यक्ष |
| सदस्य (कृषि हेर्ने), प्रदेश नीति तथा योजना आयोग | - सदस्य |
| सचिव, प्रदेश मन्त्रालय | - सदस्य |
| महाशाखा प्रमुख, पशुपन्छी विकास महाशाखा, प्रदेश मन्त्रालय | - सदस्य |
| महाशाखा प्रमुख, योजना तथा अनुगमन महाशाखा, प्रदेश मन्त्रालय | - सदस्य |
| प्रतिनिधि (अधिकृतस्तर नवौं), आन्तरिक मामिला तथा कानुन मन्त्रालय | - सदस्य |
| प्रतिनिधि (अधिकृतस्तर नवौं), आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| निर्देशक, निर्देशनालय | -सदस्य-सचिव |

(२) समितिले आवश्यक ठानेमा विषयगत क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।



मा. मधुसूधन पौडेल
मन्त्री

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(३) समितिको बैठक कम्तीमा वर्षको २(दुई) पटक सञ्चालन गर्नु पर्नेछ।

४. **प्रादेशिक निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक नीति निर्माणमा मार्गनिर्देशन गर्ने,

(ख) अन्तरनिकाय समन्वय गर्ने,

(ग) सङ्घीय मन्त्रालयमा आवश्यक सिफारिस तथा समन्वय गर्ने,

(घ) कार्यक्रम सञ्चालनको क्रममा आईपरेका बाधा अड्काउ फुकाउने,

(ङ) कार्यक्रम सञ्चालन सम्बन्धमा आवश्यक निर्देशन दिने।

५. **प्रादेशिक प्राविधिक समितिः** (१) कार्यक्रम कार्यान्वयनका लागि निर्देशनालयमा देहाय बमोजिमको एक प्रादेशिक प्राविधिक समिति रहनेछः-

| | |
|---|---|
| निर्देशक, निर्देशनालय | - संयोजक |
| प्रमुख, पशु सेवा कार्यालय (मकवानपुर र सिन्धुली) | - सदस्य |
| प्रमुख, सम्बन्धित शाखा (स्थानीय तह) | - सदस्य |
| अधिकृतस्तर प्रतिनिधि, पशुपन्छी विकास महाशाखा, प्रदेश मन्त्रालय | - सदस्य |
| अधिकृत, योजना हेर्ने शाखा, निर्देशनालय | - सदस्य |
| प्रमुख, पशु स्वास्थ्य, इपिडेमियोलोजी तथा रोग नियमन शाखा, निर्देशनालय | -सदस्य-सचिव |

(२) समितिले आवश्यक ठानेमा विषयगत क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक कम्तीमा वर्षको २ (दुई) पटक सञ्चालन गर्नु पर्नेछ।

६. **प्रादेशिक प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः** प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक मापदण्ड तयार गर्ने,

(ख) कार्यक्रम सम्बन्धी प्राविधिक विषयहरु निर्देशक समिति समक्ष पेस गर्ने,

(ग) कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने,

(घ) कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तहहरुसँग समन्वय गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनको अनुगमन मुल्याङ्कन गर्ने,

(च) निर्देशक समितिमा कार्यक्रमको प्रगति प्रतिवेदन पेस गर्ने।

मा. मधुसूदन पौडेल
मन्त्री

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

७. <u>स्थानीय कार्यक्रम कार्यान्वयन सहजीकरण समितिः</u> (१) कार्यक्रम कार्यान्वयनका लागि स्थानीयस्तरमा देहाय बमोजिमको एक स्थानीय कार्यक्रम कार्यान्वयन सहजीकरण समिति रहनेछः-

| | |
|---|---|
| प्रमुख/अध्यक्ष, स्थानीय तह | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत, स्थानीय तह | - सदस्य |
| वडा अध्यक्ष, स्थानीय तह (सबै वडा) | - सदस्य |
| प्रमुख, कार्यालय | - सदस्य |
| फोकल पर्सन, सम्बन्धित शाखा, स्थानीय तह | - सदस्य |
| प्रमुख, प्रहरी कार्यालय/चेक पोष्ट, स्थानीय तह | - सदस्य |
| कृषक प्रतिनिधि, संयोजकले तोकेको स्थानीय तहभित्रका ३ जना प्रतिनिधि (१ जना महिलासहित) | - सदस्य |
| प्रतिनिधि, संयोजकले तोकेको पशुपन्छीजन्य उद्योग वा सहकारी संस्था मध्येबाट एक जना प्रतिनिधि | - सदस्य |
| प्रतिनिधि, संयोजकले तोकेको मासुजन्य उद्योग/व्यवसायी मध्येबाट एक जना प्रतिनिधि | - सदस्य |
| फोकल पर्सन, कार्यालय | - सदस्य-सचिव |

(२) समितिले आवश्यक ठानेमा विषयगत क्षेत्रका विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक कम्तीमा वर्षको २ पटक सञ्चालन गर्नु पर्नेछ।

८. <u>स्थानीय कार्यक्रम कार्यान्वयन सहजीकरण समितिको काम, कर्तव्य र अधिकारः</u> सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) स्थानीय तहभित्र कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,

(ख) पशु तथा पशुजन्य पदार्थ ओसारपोसारको निगरानी गर्ने,

(ग) आवश्यक स्थल/विन्दुमा निगरानी केन्द्र निर्माण तथा व्यवस्थापन गर्ने,

(घ) कार्यक्रम कार्यान्वयन सम्बन्धी छिमेकी स्थानीय तहहरुसँग समन्वय गर्ने,

(ङ) रोगी पशुहरुको आवतजावत नियन्त्रण गर्न स्थानीय सुरक्षा निकायसँग समन्वय गर्ने,



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

(च) स्थानीय तहभित्र कार्यान्वयन गर्न सकिने कार्यक्रम/क्रियाकलाप तयार गर्ने र प्राविधिक समितिमा पेस गर्ने,

(छ) स्थानीय तहभित्र कार्यक्रम कार्यान्वयनको अनुगमन मुल्याङ्कन गर्ने।

## परिच्छेद-३

## खोरेत रोग लक्षित कार्यक्रम/क्रियाकलापहरु

९. <u>सञ्चालन गरिने कार्यक्रम/क्रियाकलापहरुः</u> निर्देशनालय, कार्यालय तथा स्थानीय तहबाट देहाय अनुसारका मुख्य कार्यक्रम/क्रियाकलापहरु सञ्चालन गरिनेछः-

(क) <u>आधारभूत सर्वेक्षणः</u>

(अ) निर्धारित जोनमा निर्देशनालयले मन्त्रालय तथा कार्यालयको प्रतिनिधि समेतको उपस्थितिमा खोरेत रोगको विगत तथा वर्तमान अवस्था र सो रोगसँग सम्बन्धित विषयमा आधारभूत सर्वेक्षण गर्नुपर्नेछ।

(आ) निर्धारित जोन बाहेक अन्य सम्भाव्य सघन क्षेत्रमा समेत उपखण्ड (अ) अनुसार नै सर्वेक्षण गर्न सकिनेछ।

(इ) सर्वेक्षणबाट प्राप्त तथ्याङ्क तथा विवरण अनुसार रोग नियन्त्रण योजना तर्जुमा गर्न सकिनेछ।

(ख) <u>खोरेत रोग सम्बन्धी प्रचार प्रसार सामग्री तयारीः</u> खोरेत रोग सम्बन्धी कृषक तथा सरोकारवालाबिच जनचेतना अभिवृद्धि गर्नका लागि निर्देशनालय/कार्यालयले प्रचार प्रसार सामग्री तयारी, छपाई तथा वितरण, अडियो भिडियो सामग्री तयारी तथा प्रसारण, सामाजिक सञ्जालबाट प्रचार प्रसार लगायतका कार्यहरु गर्नसक्नेछ।

(ग) <u>पशु पहिचान, अनुरेखनीयता तथा दर्ता</u> **<u>(Animal Identification, Traceability and Registration):</u>**

(अ) निर्देशनालयले यस कार्यको लागि पशु तथा बथान दर्ता प्रणाली/किताबको व्यवस्थापन गर्नु पर्नेछ। यसका लागि निर्देशनालयले विभागसँगको समन्वय तथा सहयोगमा डिजिटल पशु पहिचान तथा दर्ता प्रणाली (Animal Identification and Registration Software/Database Management System) र पशु दर्ता सम्बन्धी Standard Operating Procedure (SOP) निर्माण गर्नुपर्नेछ।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(आ) कार्यक्रमका लागि निर्देशनालय, कार्यालय तथा स्थानीय तहले एक/एक जना प्राविधिकलाई फोकल पर्सन तोक्नुपर्नेछ।

(इ) निर्धारित जोनमा पशु पहिचान, अनुरेखनीयता तथा दर्ता कार्य गर्नुपर्नेछ र अन्य क्षेत्रमा समेत आवश्यकता अनुसार गर्न सकिनेछ।

(ई) निर्देशनालयले पशु पहिचान सम्बन्धी कार्यका लागि मन्त्रालयबाट स्वीकृत प्रणाली बमोजिमको प्रिन्टेड ट्याग खरिद तथा व्यवस्थापन गर्नुपर्नेछ।

(उ) निर्देशनालयले पशु पहिचान (ट्यागिङ्ग) तथा दर्ताका लागि ट्याग (पहिचान चिन्ह) तथा ट्यागिङ्ग मेशिन खरिद गरी कार्यालय मार्फत स्थानीय तहको सम्बन्धित शाखालाई उपलब्ध गराउनु पर्नेछ।

(ऊ) निर्देशनालयले पशु पहिचान सम्बन्धी विवरण डेटाबेसमा रेकर्डिङ्गका लागि स्थानीय तहको फोकल पर्सनको प्रयोजनार्थ ल्यापटप खरिद गरी हस्तान्तरण गर्न सक्नेछ।

(ऋ) कार्यालय/स्थानीय तहले पशु पहिचान तथा दर्ता कार्यका लागि दफा ९ को खण्ड (छ) को उपखण्ड (अ) बमोजिम नियुक्त खोपकर्तालाई थप जिम्मेवारी दिई परिचालन गर्नुपर्नेछ।

(ए) कार्यालयले कार्य आरम्भ गर्नु पूर्व ट्यागिङ्ग तथा दर्ता कार्यका लागि थप जिम्मेवारी पाएका खोपकर्तालाई सो सम्बन्धी अभिमुखीकरण गर्नुपर्नेछ।

(ऐ) ट्यागिङ्ग गरिएको पशुहरुको विवरण प्राविधिकले अनुसूची-५ बमोजिमको फाराममा भरी वा सफ्टवेयरमा प्रविष्टि गरी प्राप्त प्रतिवेदन सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ।

(ओ) पशुहरुको ट्यागिङ्ग तथा दर्ता विवरणको प्रविष्टि बापतको पारिश्रमिक सम्बन्धी व्यवस्था दफा १० बमोजिम कार्यालयबाट हुनेछ।

(औ) कार्यालय तथा निर्देशनालयले तथ्याङ्क विश्लेषण गरी प्रतिवेदन तयार गर्नेछ।

(घ) <u>खोप भण्डारण सामग्री खरिद तथा वितरण:</u> स्वीकृत कार्यक्रम अनुसार निर्देशनालयले खोप भण्डारणको लागि रेफ्रिजीरेटर, आइसलाईनर फ्रिज, कुल बक्स, आइसप्याक, विद्युत ब्याकअप सामग्री लगायतका सामग्री खरिद गरी कार्यालयमार्फत स्थानीय तहलाई हस्तान्तरण गर्नेछ।

(ङ) <u>खोप (**FMD Vaccine**) व्यवस्थापन:</u>

मा. मधुसूदन पौडेल
मन्त्री

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(अ) निर्देशनालयले विभागमार्फत आवश्यक मात्रामा खोप (FMD Vaccine) को व्यवस्था गरी कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

(आ) कार्यालयले माग र आवश्यकताको आधारमा स्थानीय तहलाई खोप उपलब्ध गराउनु पर्नेछ।

(इ) खोप कार्यक्रम सञ्चालन गर्नका लागि खोपकर्ताहरुलाई सम्बन्धित स्थानीय तहले खोप उपलब्ध गराउनु पर्नेछ।

(ई) मौज्दात खोपहरु कार्यालय तथा स्थानीय तहहरुले सुरक्षित साथ कोल्ड चेन कायम गरी भण्डारण गर्नुपर्नेछ।

(च) <u>लजिस्टिक (Logistic) खरिद तथा वितरण:</u> खोप कार्य सञ्चालनका लागि कार्यालयले अनुसूची-२ बमोजिम आवश्यक लजिस्टिक सामग्री खरिद गरी वितरण गर्न सक्नेछ।

(छ) <u>खोप कार्य तथा पारिश्रमिक:</u>

(अ) पशुहरुलाई अनुसूची-३ बमोजिम खोप लगाउनु पर्नेछ।

(आ) स्थानीय तहको सिफारिसमा कार्यालयले खोप कार्य व्यवस्थापन तथा सञ्चालनार्थ खोप संख्याको आधारमा प्राविधिकलाई खोपकर्ताको रुपमा (भ्याक्सीनेटर) नियुक्ति दिनेछ।

(इ) खोप कार्य सञ्चालनार्थ नियुक्त हुने प्राविधिकसँग अनुसूची-४ बमोजिम सम्झौता गर्नुपर्नेछ।

(ई) कार्यालयले खोप कार्य सञ्चालन पूर्व सम्पूर्ण खोपकर्तालाई आवश्यकता अनुसार अभिमुखीकरण गर्नुपर्नेछ।

(उ) खोप लगाई सकेपछि प्रत्येक कृषकलाई अनुसूची-६ बमोजिमको खोप कार्ड उपलब्ध गराउनु पर्नेछ।

(ऊ) खोप लगाइएको पशुहरुको विवरण खोपकर्ताले अनुसूची-७ बमोजिमको फाराममा भरी वा सफ्टवेयरमा प्रविष्टि गरी प्राप्त प्रतिवेदन सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ।

(ऋ) खोपकर्ताको पारिश्रमिक सम्बन्धी व्यवस्था दफा ११ बमोजिम हुनेछ।

(ज) <u>खोरेत रोग सर्भिलेन्स:</u>

(अ) खोरेत रोग सर्भिलेन्स (FMD Surveillance) कार्य "खोरेत रोग सर्भिलेन्स प्राविधिक निर्देशिका, २०८१" बमोजिम गरिनेछ।

मा. मधुसूदन पौडेल
मन्त्री

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

(आ) सर्भिलेन्स कार्य अन्तर्गत नमुना सङ्कलन गर्न खोपकर्तालाई थप जिम्मेवारी दिई परिचालन गर्नुपर्नेछ।

(इ) नमुना सङ्कलन कार्यमा खटिने प्राविधिकहरुलाई खोरेत रोग सर्भिलेन्स, अन्वेषण र गुणस्तरिय नमुना सङ्कलन, संरक्षण, कोडिङ, प्रेषण सम्बन्धी निर्देशनालयले SOP तयार गर्ने र सो अनुसार अभिमुखीकरण गर्नुपर्नेछ।

(ई) सर्भिलेन्स कार्यका लागि निर्देशनालय/कार्यालयले अनुसूची-८ बमोजिमको सामग्रीहरु खरिद तथा व्यवस्थापन गर्नसक्नेछ।

(उ) सर्भिलेन्स कार्यअन्तर्गत सङ्कलन गरिएका नमुनाहरु प्रयोगशाला परीक्षण गरिनेछ र सोही अनुसार प्रगति तयारी तथा प्रेषण गर्नुपर्नेछ।

(ऊ) सर्भिलेन्स कार्यको पारिश्रमिक सम्बन्धी व्यवस्था दफा १२ बमोजिम हुनेछ।

(झ) <u>प्रयोगशाला सञ्चालन तथा सहयोग:</u>

(अ) खोरेत रोगको अन्वेषण तथा सर्भिलेन्स कार्यमा सहयोग लिन तथा परिचालन गर्नका लागि केन्द्रीय प्रयोगशाला तथा रिफरेन्स प्रयोगशालालाई निर्देशनालयले आवश्यक उपकरण, रिएजेन्ट, किट लगायतका प्रयोगशाला सामग्रीहरु खरिद गरी, निर्धारित जोनको अन्वेषण तथा सर्भिलेन्स कार्यमा प्रयोग हुने गरी सहयोग स्वरूप हस्तान्तरण गर्नसक्नेछ।

(आ) खोरेत रोगको अन्वेषण तथा सर्भिलेन्स कार्यमा निर्देशनालय तथा कार्यालयले रिफरेन्स प्रयोगशालासँग समन्वय गर्न सक्नेछ।

(ञ) <u>अन्य कार्यक्रम:</u> यस परिच्छेदमा उल्लिखित शिर्षक अन्तर्गत पर्ने बाहेकका खोरेत रोगसँग सम्बन्धित अन्य कार्यक्रम/क्रियाकलापहरु स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधिभित्र रही सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद-५

## <u>कार्यक्रम सञ्चालनको आर्थिक पक्ष</u>

१०. <u>पशु ट्यागिङ्ग तथा दर्ता कार्यको पारिश्रमिक:</u> पशु पहिचानका लागि ट्यागिङ्ग तथा दर्ता गरे बापत प्राविधिकलाई अनुसूची-९ अनुसार पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ। यस बाहेक स्थानीय तहले आफ्नो तर्फबाट ट्यागिङ्ग गर्ने प्राविधिकलाई थप प्रोत्साहन तथा सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन।

मा. मधुसूदन पौडेल
मन्त्री

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

११. <u>खोपकर्ताको पारिश्रमिक:</u> खोपकर्तालाई खोप लगाए बापत अनुसूची-१० अनुसार पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ। यस बाहेक स्थानीय तहले आफ्नो तर्फबाट खोपकर्तालाई थप प्रोत्साहन तथा सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन।

१२. <u>सर्भिलेन्स कार्यको पारिश्रमिक:</u> सर्भिलेन्स कार्यको पारिश्रमिक अनुसूची-११ अनुसार उपलब्ध गराउनु पर्नेछ। यस बाहेक स्थानीय तहले आफ्नो तर्फबाट सर्भिलेन्स कार्यको थप प्रोत्साहन तथा सुविधा उपलब्ध गराउन बाधा पर्ने छैन।

## परिच्छेद-६

## <u>अन्य व्यवस्था</u>

१३. <u>अनुगमन तथा निरीक्षण:</u> यस कार्यक्रमको अनुगमन मुल्याङ्कन प्रदेश मन्त्रालय, निर्देशनालय र कार्यालयले गरी पृष्ठपोषण गर्नसक्नेछ।

१४. <u>समन्वय र सहयोग:</u> कार्यक्रम सञ्चालनमा संलग्न सङ्घीय, प्रादेशिक तथा स्थानीय तहका सबै निकायहरुले आवश्यक समन्वय र सहयोग गर्नुपर्नेछ।

१५. <u>संशोधन:</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ। आर्थिक दायित्वको विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन गरिनेछ।

१६. <u>प्रचलित कानुन बमोजिम हुने:</u> यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ।

मा. मधुसूधन पौडेल
मन्त्री

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१

(दफा २ को खण्ड (घ) सँग सम्बन्धित)

**जोन**

| क्र.सं. | जोन नं. | दिशा | सिमाना |
|---|---|---|---|
| १ | जोन १ (मकवानपुर जिल्लाको बकैया गाउँपालिका, बागमती गाउँपालिका र सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिकाको क्षेत्र) | पूर्वमा | बोतेनी खोला र सिन्दुरे खोला |
| | | पश्चिममा | सुखौरा खोला र खुई खोला |
| | | उत्तरमा | बागमती खोला र कोखाजोर खोला |
| | | दक्षिणमा | चुरे पहाडको श्रृंखला |
| २ | जोन २ (सिन्धुली जिल्लाको मरिण गाउँपालिकाको क्षेत्र) | पूर्वमा | अधुवा खोला |
| | | पश्चिममा | बोतेनी खोला र सिन्दुरे खोला |
| | | उत्तरमा | कोखाजोर खोला |
| | | दक्षिणमा | चुरे पहाडको श्रृंखला |

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

वागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-२

(दफा ९ को खण्ड (च) सँग सम्बन्धित)

### खोप कार्यक्रम सञ्चालनका लागि आवश्यक लजिस्टिक

१. सिरिन्ज र निडिल,

२. ग्लोभ्स,

३. कटन गज,

४. स्प्रिट,

५. एप्रोन, मास्क, हेडकभर,

६. डिस्इन्फेक्टेन्ट,

७. सेनिटाईजर,

८. खोप कार्ड,

९. स्टेशनरी सामग्रीहरु,

१०. गमबुट,

११. कुल बक्स,

१२. खोप विवरण सम्बन्धी फारामहरु,

१३. रेनकोट, झोला,

१४. खोप लगाइसकेका पशु पहिचान गर्ने सामग्री र

१५. खोप कार्यका लागि अन्य आवश्यक सामग्री।

मा. मधुसूधन पौडेल
मन्त्री

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

अनुसूची-३

(दफा ९ को खण्ड (छ) को उपखण्ड (अ) सँग सम्बन्धित)

<ins>खोरेत रोग विरुद्धको खोप तालिका</ins>

| क्र.सं. | प्रति पशु खोप लगाउने पटक | प्रजाति | |
|---|---|---|---|
| | | गाई/भैंसी/भेडा/बाखा | सुंगुर/बंगुर |
| १. | पहिलो पटक | ४ महिनाको उमेर पुगेपछि | २ महिनाको उमेर पुगेपछि |
| २. | दोस्रो पटक | पहिलो पटक खोप लगाएको १ महिनापछि | पहिलो पटक खोप लगाएको १ महिनापछि |
| ३. | पुनः खोप | प्रत्येक ६-६ महिनामा | प्रत्येक ६-६ महिनामा |

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-४

(दफा ९ को खण्ड (छ) को उपखण्ड (इ) सँग सम्बन्धित)

### प्राविधिकसँग द्विपक्षीय सम्झौता-पत्र

खोरेत रोग नियन्त्रण कार्यक्रम अन्तर्गत आ.व. ............... को स्वीकृत कार्यक्रम अनुसारका **खोरेत रोग विरुद्धको खोप कार्य** र देहाय अनुसारका थप कार्य **(गरिने कार्यमा मात्र ✓ चिन्ह लागाउने)**

क. पशु पहिचान तथा दर्ता कार्य ☐

ख. खोरेत रोगको सर्भिलेन्स कार्य ☐

सञ्चालन गर्नका लागि ..............................................................कार्यालय (यसपछि पहिलो पक्ष भनिने) र श्री ....................................................................(यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम सञ्चालन गर्न मञ्जुरी भई यो द्धिपक्षिय सम्झौता गरी एक-एक प्रति आपसमा बुझिलियौं/दियौं।

तपसिलः

१. कार्यक्रम.................. जिल्ला ........................ गा.पा./ना.पा.मा सञ्चालन गरिनेछ।

२. दोस्रो पक्षले प्रथम पक्षको निर्देशन बमोजिम कार्य सञ्चालन गर्नुपर्नेछ।

३. दोस्रो पक्षले तोकिएको क्षेत्रमा सम्झौता अनुसारको कार्य गर्नुपर्नेछ।

४. प्रथम पक्षले कार्यक्रम अन्तर्गतका कार्यका लागि आवश्यक खोप तथा लजिस्टिक दोस्रो पक्षलाई उपलब्ध गराउनेछ।

५. प्रथम पक्षले दोस्रो पक्षलाई खोरेत नियन्त्रण कार्यक्रम अन्तर्गतका कार्य सञ्चालन गरे बापत नियमानुसार करकट्टी गरी पारिश्रमिक उपलब्ध गराउनेछ।

६. दोस्रो पक्षले कार्य सञ्चालन गर्दा प्रथम पक्षले दिएको निर्देशनहरु पालना गर्नुपर्नेछ।

७. खोप लगाउने क्रममा चोटपटक वा कुनै भवितव्य घटना भएमा सोको पूर्ण जिम्मेवारी दोस्रो पक्षकै हुनेछ।

८. यस सम्झौतामा उल्लेख हुन छुट भएका अन्य शर्तहरु प्रचलित कानुन बमोजिम हुनेछ।

| प्रथम पक्षको तर्फबाटः | दोस्रो पक्षको तर्फबाटः |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | पदः |
| छापः | सम्पर्क नं.- |

रोहवर

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

दस्तखतः
नामः
पदः

दस्तखतः
नामः

इति संवत् ............ साल ...................... महिना ....... गते रोज ...... शुभम् ..............

मा. मधुसूदन पौडेल
मन्त्री

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

अनुसूची-५

(दफा ९ को खण्ड (ग) को उपखण्ड (ऐ) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

## पशु पहिचानका लागि ट्यागिङ्गको विवरण कम्पाइलेसन फाराम

स्थानीय तहको नाम : ..................................   जिल्लाः ..................................   आ.व.:..................................

| क्र.सं. | पशुधनीको नाम | वडा नं. | पशुको किसिम | जात | उमेर(वर्ष/ महिना) | खोरेत खोपको प्रयोग गरेको (छ/छैन) | उत्पादन क्षमता (दुध (ली.)/मासु (के.जी.)) | प्रयोग भएको ट्याग नं. | कृषकको सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

| ट्यागिङ्ग गर्नेको सही : | सिफारिस गर्ने प्राविधिकको सही : | प्रमाणित गर्ने वडा अध्यक्षको सही : |
|---|---|---|
| नाम : | नाम : | नाम : |
| ठेगानाः | ठेगानाः | ठेगानाः |
| मितिः | मितिः | मितिः |
| | छापः | छापः |

नोटः पशुको किसिम भन्नाले गाई/भैंसी/भेंडा/बाख्रा/बंगुरलाई जनाउँदछ।



बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

## अनुसूची-६

(दफा ९ को खण्ड (छ) को उपखण्ड (उ) सँग सम्बन्धित)

.....................गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.

......................जिल्ला, बागमती प्रदेश

## खोरेत खोप कार्ड

पशुधनीको नामः...................... सम्पर्क मोबाईल नम्बरः ......................

ठेगानाः.................................. वडा नं.:................ टोलः.....................

| क्र.सं. | पशुको विवरण | | | खोपको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | प्रजाति | पहिचान चिन्ह/ट्याग नं. | उमेर | खोपको नाम (Trade Name) | खोप लगाएको मिति | अर्को पटक खोप लगाउने मिति | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| | |
|---|---|
| खोपकर्ताको<br>सही :.................<br>नामः<br>मितिः<br>सम्पर्क नं.- | पशुधनीको सही :................. |

(नोटः यस पेजमा भएको हरफ नपुगेमा यसै कार्डको पछाडिको पेज प्रयोग गर्नुहोला। प्रदेशभर एकरुपताको लागि यो कार्ड पहेंलो रंगको कागजमा छपाउने।)

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

अनुसूची-७

(दफा ९ को खण्ड (छ) को उपखण्ड (ऊ) सँग सम्बन्धित)

खोरेत रोग नियन्त्रण कार्यक्रम

बागमती प्रदेश, नेपाल

**खोरेत खोप अभिलेख फाराम/खोप विवरण**

आ.व. २०....../........

स्थानीय तहको नामः .................................. स्थानीय तह कोडः ..................... जिल्लाः ......................

जिल्ला कोडः .............................. भ्याक्सिनेसन अवधिः.......................................देखि.......................................सम्म

| क.सं. | कृषकको नाम | ठेगाना | जम्मा पशु संख्या | | | | | | खोप लगाईएको पशु संख्या | | | | | | कृषकको सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं. | गाई जाति | भैंसी जाति | बाखा जाति | भेंडा जाति | बंगुर जाति | जम्मा | गाई जाति | भैंसी जाति | बाखा जाति | भेंडा जाति | बंगुर जाति | जम्मा | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

| भ्याक्सिनेसन गरेको बेहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने स्थानीय तह/वडाको प्रतिनिधिकोः | भ्याक्सिनेटर/खोपकर्ताकोः |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | ठेगानाः |
| कार्यालयको छापः | सम्पर्क नं.- |

१७

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

अनुसूची-७

(दफा ९ को खण्ड (छ) को उपखण्ड (ऊ) सँग सम्बन्धित)

खोरेत रोग नियन्त्रण कार्यक्रम

बागमती प्रदेश, नेपाल

**खोरेत खोप अभिलेख फाराम/खोप विवरण**

आ.व. २०....../........

स्थानीय तहको नामः .................................. स्थानीय तह कोडः .................... जिल्लाः ........................

जिल्ला कोडः .............................. भ्याक्सिनेसन अवधिः.........................................देखि.......................................सम्म

| क.सं. | कृषकको नाम | ठेगाना | जम्मा पशु संख्या | | | | | | खोप लगाईएको पशु संख्या | | | | | | कृषकको सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं. | गाई जाति | भैंसी जाति | बाखा जाति | भेंडा जाति | बंगुर जाति | जम्मा | गाई जाति | भैंसी जाति | बाखा जाति | भेंडा जाति | बंगुर जाति | जम्मा | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

| भ्याक्सिनेसन गरेको बेहोरा ठिक साँचो हो भनी प्रमाणित गर्ने स्थानीय तह/वडाको प्रतिनिधिकोः | भ्याक्सिनेटर/खोपकर्ताकोः |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नामः | नामः |
| पदः | ठेगानाः |
| कार्यालयको छापः | सम्पर्क नं.- |

'१७

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौडा, नेपाल

## अनुसूची-८

(दफा ९ को खण्ड (ज) को उपखण्ड (ई) सँग सम्बन्धित)

### सर्भिलेन्स कार्यका लागि आवश्यक सामग्री

१. सिरिन्ज र निडिल,
२. ग्लोभ्स,
३. कटन, गज,
४. स्प्रिट,
५. एप्रोन, मास्क, हेडकवर,
६. डिस्इन्फेक्टेन्ट,
७. सेनिटाईजर,
८. विभिन्न किसिमका फरसेप,
९. स्टेशनरी सामग्रीहरु,
१०. गमबुट,
११. कुल बक्स,
१२. सर्भिलेन्स फाराम ,
१३. रेनकोट, झोला,
१४. Viral Transport Medium (VTM),
१५. Gel Clot Vacutainer,
१६. Serum Vial,
१७. Cryobox,
१८. FMD Rapid Test Kit,
१९. FMD NSP ELISA Kit,
२०. FMD Sero-monitoring Kit,
२१. सर्भिलेन्स कार्यका लागि अन्य आवश्यक सामग्री।

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल

अनुसूची-९

(दफा १० सँग सम्बन्धित)

पशु टयागिङ्ग तथा दर्ता कार्यको सेवा शुल्क/पारिश्रमिक

| क्र.सं. | पशुको किसिम/प्रजाति | सेवा शुल्क/पारिश्रमिक (प्रति पशु) |
|---|---|---|
| १. | गाई, भैंसी | रु. २०।-(बीस) |
| २. | बंगुर, भेंडा, बाख्रा | रु. १०।-(दश) |

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

## अनुसूची-१०

(दफा ११ सँग सम्बन्धित)

**खोपकर्ताको सेवा शुल्क/पारिश्रमिक**

| क्र.सं. | पशुको किसिम/प्रजाति | सेवा शुल्क/पारिश्रमिक (प्रति डोज) |
|---|---|---|
| १. | गाई, भैंसी | रु. २०।- (बीस) |
| २. | बंगुर, भेंडा, बाखा | रु. १०।- (दश) |

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूदन पौडेल
मन्त्री

अनुसूची-११
(दफा १२ सँग सम्बन्धित)

सर्भिलेन्स कार्यको सेवा शुल्क/पारिश्रमिक

| क्र.सं. | पशुको किसिम/प्रजाति | सेवा शुल्क/पारिश्रमिक (प्रति पशु) |
|---|---|---|
| १. | गाई, भैंसी, बंगुर | रु. ४०।- (चालीस) |
| २. | भेंडा, बाख्रा | रु. २५।- (पच्चीस) |

बैकुण्ठ अधिकारी
प्रदेश सचिव

मा. मधुसूधन पौडेल
मन्त्री